अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०१/२०८१-०८२ मिति २०८१/०४/०४ गते बसेको बैठकका निर्णयहरु सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ।

**संवत् २०८१ साल श्रावण ०४ गते बसेको कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरणः-**

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | | यस गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०८०/०८१ मा सम्पन्न आयोजना, कार्यक्रम, प्रवाह गरेका सेवा र सम्पादन गरिएका क्रियाकलापहरुको वार्षिक प्रगतीको समिक्षा प्रतिवेदन स्वीकृति गर्ने। |
| २. | प्रशासन शाखा | अपिहिमाल गाउँपालिका स्थानीय खेलकूद विकास ऐन, २०७५ को दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिम खेलकूद सदस्य सचिव नियुक्त गर्ने। |
| ३. | | यस गाउँ कार्यपालिकाको कार्यालय र मातहतका निकायमा रिक्त रहेका पदमा पदपूर्ति गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन तथा स्वीकृति दिने। |
| ४. | | अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को पहिलो संशोधन स्वीकृत गर्ने, सो को प्रकाशन तथा कार्यान्वयनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन तथा स्वीकृति दिने। |
| ५. | पूर्वाधार / योजना शाखा | यस गाउँपालिकामा निर्माणाधिन रहेका वोलपत्रहरुको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० तथा १२०क र अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम १२९ तथा १२९क अनुसार म्याद थप गर्ने। |
| ६. | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ बमोजिम गाउँपालिकाको क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका निमित्त निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको आर्थिक वर्ष २०८१/०८२ का लागि स्थानीय न्यूनतम दररेट अनुमोदन गर्ने। |
| ७. | प्रशासन शाखा | यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न बजेट तथा कार्यक्रमको कार्यान्वयनको रणनीतिक कार्य योजना, वार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गर्न गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने। |

रविन्द्र सिंह बोहरा
प्रमुख